# महालक्ष्मी राजपत्र

**महालक्ष्मी नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड २) कमलपोखरी,जेठ २३, २०७५ साल पुर्व अतिरिक्ताङ्क १ (ख)**

# भाग-१

## महालक्ष्मी नगरपालिकाको सहकारी ऐन

**<u>प्रस्तावना:</u>** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित

संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नगरभित्रका सहकारी संस्थामाथि कानून बमोजिम संघीय वा प्रदेश सरकारले अनुगमन गर्दा बाहेक अन्य कुनैपनि निकायले अनुगमन, अध्ययन गर्न चाहेमा नगरपालिकाको अनुमति लिनु पर्नेछ । यसरी अनुगमन, अध्ययन गरिसकेपछि सोको एकप्रति प्रतिवेदन सात दिनभित्र नगरपालिकामा दिनुपर्नेछ। यो व्यवस्था व्यक्तिको हकमा समेत लागू हुनेछ ।

७२. **<u>छानविन गर्न सक्ने :</u>**(१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

७३. **<u>बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :</u>**(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

